श्री ५ को सरकार
सहकारी विभाग

दर्ता नम्बर :- २।२०५०।०५१

# दर्ताको प्रमाणपत्र

सहकारी ऐन, २०४८ को दफा ५ बमोजिम श्री जनसेवा बचत तथा ऋण सहकारी संस्था लिमिटेड पुरुन्चौर कास्की लाई सीमित दायित्व भएको संस्था । संघमा दर्ता गरी यो प्रमाणपत्र प्रदान गरिएको छ ।

दर्ता गरेको मिति:- २०५०।४।२९।२

दस्तखत:- ---------
( )
[illegible] अधिकृत
सहकारी विभाग

जिल्ला सहकारी कार्यालयको छाप।

नेपाल सरकार

अर्थ मन्त्रालय

आन्तरिक राजश्व विभाग



# स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाण पत्र

पान: ३ ० ४ ७ ६ ६ १ ४ ३

मिति: २१ ०५ २०५०

आन्तरिक राजश्व कार्यालय: पोखरा

मू.अ.क. दर्ता मिति:

दिन महीना साल

करदाताको नाम: जनसेवा वचत तथा ऋण सहकारी संस्था लिमिटेड

करदाताको प्रकार: सहकारी

ठेगाना: वडा नं. ७, पुरन्चौर

गाविस: पुरन्चौर

कास्की

व्यवसाय कारोवारहरू: वित्तिय सेवाहरू,

करदाताको दस्तखत

अधिकृतको दस्तखत

**करदाताले पालना गर्नुपर्ने कर्तव्यहरु:**

- कारोबार गर्दा अनिवार्य रुपमा बिल बिजक जारी गर्नुपर्छ।
- मू.अ.करमा दर्ता हुनेले प्रत्येक कर अवधि (मासिक वा द्वैमासिक वा चौमासिक) समाप्त भएको २५ दिनभित्र मू.अ.कर विवरण तथा मू.अ.कर रकम बुझाउनु पर्छ।
- अन्त:शुल्क लाग्ने कारोबार गर्नेले अन्यथा व्यवस्था गरेकोमा बाहेक प्रत्येक महिना समाप्त भएको २५ दिनभित्र मास्केवारी र अन्त:शुल्क रकम बुझाउनु पर्छ।
- प्रत्येक आर्थिक वर्षका आय विवरण असोज मसान्तभित्र बुझाउनु पर्छ।
- समयमा विवरण र कर रकम नबुझाएमा व्याज, शुल्क र जरिवाना लाग्नेछ।
- यो प्रमाणपत्र देखिने गरी कारोबार स्थल/मुख्य कार्यालयमा राख्नु पर्नेछ।

# श्री जनसेवा वचत तथा ऋण सहकारी संस्था लि

**पूरुन्चौर, कास्की**

मिति : २०७७/०६/२४

**विषय: २८ औं वार्षिक साधारण सभाका एजेन्डाहरु ।**

श्री सम्पूर्ण सदस्यज्यूहरू,
जनसेवा साकोस
मिति : २०७७ असोज २४ गते शनिवार देखि असोज ३० गते शनिवारसम्म ।
समय : विहान १०:०० वजे ।
स्थान : संस्थाको आफ्नै प्राङ्गण/संस्थाले तोकेको स्थान ।

१) संचालक समितिको तर्फबाट आ.ब. ०७६/०७७ को प्रगति प्रतिवेदन तथा आगामी वर्षको नीति तथा कार्यक्रम सम्बन्धमा

२) कोषाध्यक्षको आ.व. २०७६/२०७७ को आर्थिक प्रतिवेदन तथा आ.वं. २०७७/०७८ को वजेट सम्बन्धमा ।

३) लेखा समितिको प्रतिवेदन स्वीकृत सम्बन्धमा ।
आ.व ०७६/०७७ को लेखा परिक्षण प्रतिवेदन सम्बन्धमा ।

४) आ.व २०७७/०७८ को लागी लेखा परिक्षकको नियूक्ति एवं पारिश्रमिक तोक्ने सम्वन्धमा ।

५) आ.व. २०७६/०७७ वोनस वितरण सम्वन्धमा ।

६) सदस्य राहत कोषबाट जगेडाकोषमा रकामान्तर गरेको रकम रू. तिन लाख अनूमोदन सम्बन्धमा ।

७) संस्थाका आन्तरिक कार्यविधिहरू संसोधन सम्बन्धमा ।
  क) मानव संसाधन नीति संसोधन सम्बन्धमा ।
  ख) ऋण नीति संसोधन सम्बधमा ।
  ग) आर्थिक प्रशासन नीति संसोधन सम्बन्धमा ।

८) चौकिदारको दरबन्दी थप सम्बन्धमा ।

९) निर्णय पूस्तिका हस्ताक्षर गर्ने १२ जना प्रतिनिधीहरू तोक्ने वारे ।

१०) विविधः

**प्रार्थी**
गोविन्द प्रसाद पौडेल
सचिव

# २८ औं वार्षिक साधारण सभा

## प्रतिवेदन पुस्तिका-२०७७


प्रकाशन समिति

संयोजक : चेतनाथ गौतम

सदस्य : पुष्पराज पौड्याल

सदस्य : प्रेमसागर अधिकारी

मुद्रण :

आदर्श अफ्सेट प्रिन्टर्स

बगर, पोखरा ०६१-५४१५६२


### यस भित्र ....


सञ्चालक समितिको तर्फबाट

अध्यक्षद्वारा प्रस्तुत प्रगति तथा आगामी वर्षको नीति तथा कार्यक्रम

कोषाध्यक्षको आर्थिक प्रतिवेदन

लेखा समितिको प्रतिवेदन

लेखा परीक्षण प्रतिवेदन

पर्ल्स मुल्याङ्कन पद्धतिका अनुपातहरु

# श्री जनसेवा बचत तथा ऋण सहकारी संस्था लि पुरुन्चौर

## २८ औं वार्षिक साधारण सभा

## सञ्चालक समितिको तर्फवाट प्रस्तुत प्रतिवेदन - २०७७



**लिलाधर अधिकारी**
**अध्यक्ष**

*मिति २०७७ असोज २४ गते बाट कातिक १ गते सम्म*

यस जनसेवा बचत तथा ऋण सहकारी संस्था लि. को २८ औं वार्षिक साधारण सभाका लागि सप्ताह व्यापी रुपमा हाम्रो निमन्त्रणा लाई हार्दिकताका साथ स्वीकार गरी उपस्थित हुनुभएका आदरणीय शेयर सदस्य ज्युहरु, संञ्चालक समितिका सहकर्मी मित्रहरु, लेखा सुपरीवेक्षण समितिका संयोजकज्यू लगायत सदस्यज्यूहरु, सल्लाहकारज्युहरु, उपसमितिका सदस्यज्युहरु तथा सम्पुर्ण सहकर्मी दाजुभाई तथा दिदिबहिनिहरुमा सर्वप्रथम त हार्दिक स्वागत तथा हार्दिक अभिवादन व्यक्त गर्न चाहन्छु।

विगत वर्षहरुमा झै विशेष कार्यक्रमहरुका साथ अतिथिज्यूहरु, विभिन्न संघ संस्थाका प्रतिनिधिज्युहरु सामाजिक अग्रजहरु विषय विज्ञहरु समेतका सामु हामी सम्पुर्ण शेयधनी सदस्यहरु विभिन्न प्रतिवेदनहरु प्रस्तुत, मन्तव्यहरु सम्मानका कार्यक्रमहरु प्रस्तुत प्रतिवेदन उपर गहन छलफलका साथ साधारण सभा सम्पन्न गर्ने तिव्र इच्छा हुदाहुदै पनि विश्वमा फैलिएको COVID-19 का कारण ठुलो संख्यामा जमघट हुने परिस्थिती रहेन।

यद्यपि वार्षिक नीती तथा कार्यक्रम बिना सस्था अगाडी बढाउन नसकिने भएकोले भिन्न तरीका अबलम्बन गरी यहाहरुको सुझाब संकलन गरी सस्था संचालनमा निरन्तरता दिने प्रयास गरेका छौ।

यो वर्ष अधिवेशन को समेत वर्ष रहेकोले प्रत्यक्ष रुपमा बार्ता सहमति तथा निर्बाचन मा जान परिस्थिति प्रतिकुल रह्यो यद्यपी इच्छुक उम्मेद्वाहरुले उमेद्वारी फारम निर्वाचत आयोगले निर्दीष्ट गरेको समय र तालीका अनुसार कार्यालयबाट लिई आश्विन २४ गतेबाट ३० गते दिनको ३:०० बजेसम्म सस्थामा आफनो उम्मेदवारी दर्ता गराउन सक्नुहुने छ। सम्पुर्ण अभिलेखहरु प्राप्त भैसकेपछि यस सस्थाको संचालक समितिले मिति २०७७/०४/१० को बैठक वाट गठित तिन सदस्यीय निर्वाचन मण्डलले आफ्नो कार्यक्रम अगाडि बढाउने कुराको पनि यहाँहरुलाई जानकारी गराउन चाहान्छु। त्यस्तै गरी प्रस्तुत प्रतिबेदनहरुमा पनि यहाँहरुका केही सुझाबहरु भए मिति २०७७/०६/२४ बाट २०७७/०६/३० गतेसम्म संस्थामा पेश गर्नूहुन अनुरोध गर्दछू। उपलब्ध सुझाबहरुलाई समेत सकंलन गरी उपलब्ध शेयरधनि सदस्यज्यूहरु, र्वतमान संचालन समिति उपसमितिहरु सल्लाहकारहरुज्यू तथा केही सामाजिक अग्रजहरुको संग्लनतामा छलफल गरी गरिने निर्णयका आधारमा आगामी बर्षको नीति तथा कार्यक्रम अगाडी बढाउने ब्यहोरा समेत जानकारी गराउछु।

हाम्रो यस संस्थाले २७ औं वसन्त पार गर्दै यहासम्म आईपुग्दा, आन्तरिक तथा वाह्य समस्या, चुनौती, घटना एवं असहज परिस्थितिलाई सामान्य परिस्थितिमा वदल्न अनेकौ आरोह अवरोह पार गरी संस्थाको स्थायित्व, संस्था र सदस्यको हित र उन्नतिका साथै सहकारी अभियानमा संस्थालाई उच्च रुपमा स्थापित गर्न गरिएको प्रयत्न र प्रयास सबै तह तप्का र क्षेत्रको सहयोग सद्भाव अविस्मरणीय र ताजा छ।

सहकारीको मर्म, भावना, सिद्धान्त र मुल्य मान्यता अङ्गिकार गरी नीति, कार्यक्रम योजना तर्जुमा गरी सवै वर्ग

तह र क्षेत्रलाइ समेटी आर्थिक सम्बृद्धि, सिप विकास र उद्यमशिलता तर्फ लाग्न उत्प्रेरित गर्ने प्रतिस्प्रर्धी गुणस्तरीय जीवनयापनलाइ सहज बनाउन सहकारी वित्तिय सेवा प्रदान गरी सम्बृद्धि र समुन्नत समाज निर्माण गर्न दृढ संकल्पका साथ सहकारी अभियानमा परिस्थिती अनुसार सदस्यहरुको पुर्ण प्रजातान्त्रिक हक अधिकार सुनिश्चित गर्दै बार्षिक साधारण सभा सप्ताहब्यापी रुपमा सम्पन्न गर्न लागेका छौं ।

नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. NEFSCUN द्वारा प्रबर्द्धित पूर्ण तथा व्यवसायीक साकोस विकास निर्माण कार्यक्रम (PROBATION) कार्यक्रममा सहभागी भई अभ्यासरत छौं । गत बर्ष अन्तिम परिक्षण बाट औंल्याइएका केही सुचाङ्कहरुलाई समय सापेक्ष परिमार्जन र सुधार गरी  यस वर्ष ब्राण्डका लागी अन्तिम परिक्षण गराउने कार्यक्रम रहेको समेत जानकारी गराउदछु । यस बर्ष कास्की बचत तथा ऋण सहकारी संघ लि.को १९ औं बार्षिक साधारण सभामा उत्कृष्ट सहकारी संस्थाको रुपमा हाम्रो संस्था सम्मानीत भएको ब्यहोरा सहर्ष जानकारी गराउदछु ।

विगत साधारण सभाबाट स्वीकृत कार्यक्रमहरुलाई सम्पन्न गर्न तालिका तयार गरिएकोमा फागुन महिना सम्मका कार्यक्रमहरु सम्पन्न गरीएको जस  अन्तर्गत सदस्य शिक्षा कार्यक्रम, जेष्ठ सदस्य तीर्थाटन  भ्रमण कार्यक्रम, वृहत स्वास्थ्य शिविर, कार्यक्षेत्र भित्रका मा.बि. मध्ये विन्ध्येश्वरी मा.वि. मा हाजिरीजवाफको माध्यमद्धारा सहकारी शिक्षा जस्ता कार्यक्रम गरिएकोमा चैत्र, वैशाख, जेष्ठ र आषाढ महिनाको तालिकामा परेका अन्य कार्यक्रमहरु तथा गतिविधिहरु वर्तमान परिस्थीका कारण अगाडी बढाउन नसकेको व्यहोरा जानकारी गराउँदछु ।

महामारीको समयमा शेयरधनी कारोबारकर्ता सदस्यज्युहरु बाट  लिईदै आएको ब्याज रकममा २ प्रतिशत छुट, हर्जना तथा विलम्ब शुल्कमा शतप्रतिशत छुट, साविकको ब्याज छुटको रकमलाई कायमै राखी विश्व महामारीको अबस्थामा शेयर सदस्यहरुको पेशा ब्यबसायमा परेको प्रभावका कारण सदस्यहरुलाई परेको वित्तिय समास्यालाइ न्युनीकरण गर्न सदस्यहरुको हितलाई ध्यानमा राखी समय सापेच्छ ब्याज रकममा थप छुट सुविधाको ब्यबस्था गरिएको, तिनुपर्ने किस्ताको समय थप गदै व्यवसाय पुन उत्थान र निरन्तरताको लागी १ (एक)अंकिय व्याज दरमा ऋण प्रदान, सहकारी विभागबाट निर्धारित ब्याजदर १४.७५ प्रतिशत हुदाहुदै पनि हाम्रो संस्थाको ब्याजदर ९.९९ प्रतिशतमा समेत लगानी भएको जानकारी गराउन चाहन्छु ।

आदरणीय शेयरधनी सदस्य ज्युहरु, संस्था संञ्चालनमा समयको चक्र सगै  सुःख दुःखका दिनहरु व्यहोर्दै अगाडी बढ्नुपर्ने रहेछ । उपलब्धीहरुको चर्चा गर्दै गर्दा यस वर्ष हामीले दुःखका क्षणहरु पार गर्नुपर्यो स.नं ४३८ मानबहादुर अधिकारी, स.न ३२९ गम्बादेबी पौडेल, स.न. ६९ द्रोणप्रसाद गौतम र स.न. ३९९ दिलमाया भुजेल को मृत्युप्रश्चात  परिवारजन  लाई १५०००।- का दरले भेटी उपलब्ध गरायौं । उहाँहरुको निधनले संस्थालाई अपुरणीय क्षती हुन गएकोले हामी अत्यन्तै मर्माहित भएका छौ । उहाँहरुको दिवांगत आत्माको चीर शान्तीको कामना सहित  शोक प्रस्ताव पारित गरिदिनुहुन अनुरोध गर्दछु ।

यसै गरी अर्को दुखत घटना सुरक्षाको पुर्वाधारमा केही कमजोरी हुन गै २०७० सालमा भएको  संस्था चोरी दुर्घटना पत्ता लगाउन नसकिएकोले चोरी पत्ता लगाई पाउ भनी नेपाल सरकार सम्बन्धित निकाय र प्रहरी प्रशासनको ध्यानाकर्षण गराई राखिएको छ । गत २७ औं वार्षिक साधारण सभाबाट उक्त चोरी घटना पत्ता लगाउन सहयोग पुर्याउने उद्धेश्यले शेयरधनी सदस्य राम गिरी को संयोजकत्वमा ५ सदस्यीय समिति गठन भएकोले उक्त

समितिले भए गरेको प्रगतिका बारेमा शेयरधनी सदस्यज्युहरुलाई आवश्यक जानकारी गराउनु हुनेछ भन्ने आशा एवं विश्वास गरेको छु।

वर्तमान समितिको तिन वर्षे (०७४-०७७) अधिकतम उपलब्धी नभएता पनि संस्था अग्र गतिमा छ भन्ने कुरा निम्न तथ्याङ्कहरुले अंकित गरेको अनुभुति गर्दछु।

| शीर्षक | तत् समयमा | वर्तमानमा | बृद्धि प्रतिशत |
|---|---|---|---|
| सदस्य संख्या | १५११ जना | १७७४ जना | १७।४० |
| शेयर रकम | १९१२३४००।०० | २४८६१७००।०० | ३०।०० |
| बचत रकम | १०६९९९३५५।०३ | १८९२५३७९९।५५ | ७६।८७ |
| ऋण लगानी | ११३२६९२१६।०० | १७१३५४२७०।४३ | ५१।२८ |
| जगेडा कोष | ४३१७०८४।५५ | १२५५८६६८।६२ | १९०।९० |
| कुल सम्पति | १३८४९२३०६।१८ | २५०४०१९८८।८८ | ८०।८० |

यस सस्थाको यथार्थ आर्थिक प्रतिवेदन र आगामी वर्षको निति तथा कार्यक्रम अनुसारको वजेट कोषाध्यक्षज्युको प्रतिवेदन बाट जानकारी लिनु भै उक्त प्रतिवेदनहरु आवश्यक संशोधन सहित अनुमोदन गरीदिनुहुन अनुरोध गदै आगामी वर्षको लागी संस्थाले लिने नीति तथा कार्यक्रम यहाँहरु समक्ष पेश गरिएको छ। जसको प्रारम्भीक छलफल सम्बन्धित कृषक, व्यावसायी, सामाजिक अग्रजहरु बिच मिति २०७७ असार २७ गतेको बैठकमा संकेत छलफल भै सहभागिहरुको भावनालाई समेटेर तय गरिएको समेत निवेदन गर्न चाहन्छु। विगतका अनुभवहरुबाट प्राप्त सकारात्मक पक्षलाई आत्मसाथ गदै उपलव्धी मुलक कार्यक्रमलाई निरन्तरता दिदै सम्भावनाहरुलाई मध्यनजर गर्दै अगामी वर्ष निम्न कार्यक्रम सञ्चालन गर्न प्रस्ताव पेश गर्दछु।

**कार्यक्रमहरु**

यस आ.ब मा प्रस्तावित नीति तथा कार्यक्रमहरुः

१) संस्थाका महिला शेयर धनी सदस्यहरुका लागी हस्तकलाका सामानहरु लगाएत धुप, सावुन ढकिया, चुरा, पोते, कृष्टलका सामाग्रीहरु वनाउने कार्यक्रम सञ्चालन गरिने छ।

२) कृषकको आवस्यकता र मागको आधारमा कृषी तालीम सञ्चालन गरिने छ।

३) प्रत्येक महिना सदस्य शिक्षा कार्यक्रम सञ्चालन गर्ने। मासिक रुपमा अनिवार्य सदस्य शिक्षा कार्यक्रम संञ्चालन गर्न शिक्षा उप समितिलाई सिफारीस गरिने छ यो आर्थीक वर्षमा कम्तीमा ३० प्रतिशत शेयर सदस्यहरुलाई सहकारी शिक्षा कार्यक्रम सञ्चालन गरीने छ।

३) संस्थाबाट उपलव्ध गराईएको एस.एम.एस. सुविधालाई थप व्यवस्थित बनाईने छ भने सदस्हरुको आवस्यकताको आधारमा मोवाईल एप्स संञ्चालन गरिने छ।

४) कार्यालय वातावरणलाई थप व्यवस्थित, मर्यादित र सदस्य मैत्री बनाईएने छ।

५) कार्यक्षेत्र भित्रका विद्यालयका विध्यार्थीहरुलाई तहगत रुपमा सहकारी शिक्षा, वित्तिय साक्षरता र अन्य समासामयीक कार्यक्रम संञ्चालन गरिने छ।

६) सहकारीको क्षेत्रमा आवद्ध हुन नसकेका कार्यक्षेत्र भित्रका समुदायका व्यक्तीहरुलाई सहकारीमा सदस्यता बनाई वचत गर्न अभिप्रेरीत गर्नूका साथै स्वावलम्वी भावनाको विकास गराईने छ।

७) सदस्यलाई लाग्ने महारोग र मृत्यु संस्कारलाई उपलव्ध गराउदै आएको राहत रकम रु.१५०००। लाई निरन्तरता दिने।

८) नव गठित समिति,उप समिति तथा कर्मचारीको बृत्ति विकासको लागी तालिमको ब्यबस्था गरिने छ।

९) संस्थाको भल्ट र काउन्टरमा गरीने कारोवार रकमको विमा व्यवस्थालाई निरन्तरता दिइने साथै cash in transit को पनी बिमा गर्ने तर्फ अध्ययन गरिने छ।

१०) सहकारीको अनुभव आदान प्रदान गर्न सहकारीको भावना जागृत गराउन सहकारी अध्ययन भ्रमण लाई (रोल क्रम अनुसार बाट ८० प्रतिशत र छुट बाट २० प्रतिशत समावेश गरी) निरन्तरता दिईने छ भने उक्त भ्रमणमा समावेसश नभएका जेष्ठ शेयर सदस्यहरुलाई १/२ दिने धार्मीक स्थल अवलोकन गराईने छ।

११) संस्थालाई नमुना सहकारीको रुपमा विकास गरी सरकार बाट ब्राण्ड लिने कार्यक्रममा दत्त चित्त भई अगाडी वढाईने छ।

१२) प्रतिस्प्रधि संस्थाको दाजोमा सदस्यहरुलाई सुलभ र सरल रुपमा कारोवारको प्रत्याभुती प्रदान गरीने छ र प्रत्येक ३/३ महिनामा सेवाहरुको मुल्य निर्धारण गरीने छ जसमा प्रतिस्प्रधि संस्थाहरुको भन्दा ऋणमा सबै भन्दा कम र वचतमा बढी व्याजदर दिने व्यवस्था मिलाईने।

१३) पर्ल्सका मापदण्ड अनुसार सहकारीको लेखाङ्कनलाई निरन्तरता दिनुको साथै भाखा नाघेको ऋणलाई असल ऋण, कमसल ऋण र खराव ऋण वर्गिकरण गरी सोही अनुसार जोखीम कोषको व्यवस्था गरीने छ।

१४) विदेश बाट फर्केर आएका बेरोजगार युवा युवती हरुलाई नेपालमानै केही गर्न चाहना भएमा समुहगत रुपमा या एकल रुपमा आएमा कृषी क्षेत्र वा पशुपालनको क्षेत्रमा संस्थाले सुलभ व्याजदरमा ऋण लगानी गर्ने र आवस्यक परेमा तालिम तथा प्राविधिक सहयोग समेत उपलब्ध गराइने छ।

१५) विज्ञान र प्रविधिको क्षेत्रमा आएको नयाँ विकासलाई आफु अनुकुल वनाउन र प्रतिश्प्रधि संस्थाको दाजोमा आफुलाई स्थापीत गराउन हाल संस्थामा सञ्चालन भै रहेको सफ्टवेयरबाट नै मोवाईल बैङ्कीङ्ग कार्यक्रम संञ्चालन गरिने छ।

१६) संस्थाबाट प्रदान गरिदै आएको रेमीट्यान्स सेवालाई अरु थप कम्पनी सँग सहकार्य गरी सेवा विस्तार गरिने छ

१७) पञ्च वर्षिय रणनैतीक योजना अनुसार संस्थाको लागी आवस्यक निम्न सम्पती सामानहरु यस आ.ब. मा खरिद गरिने छ।

- क) बण्डल नोट काउन्टीङ मेसीन
- ख) फायर इक्सिग्युटर मेसीन
- ग) लुज नोट गन्ने मेसीन
- घ) जाली नोट छुट्याउने मेसीन खरिद
- ङ) आवस्यक मात्रामा सि.सि.क्यामेरा थप
- च) चेक राईटर मेसीन

१८)	आ.व. ०७७/०७८ भित्र सबै शेयर धनी सदस्यहरुको सदस्य पहिचान फारम र कोपोमिस अध्यावधिक गराईने छ।

१९)	उप समितिका पदाधिकारीहरुलाई बार्षीक लक्ष सहितको कार्य विवरण पत्र प्रदान गरिने छ सोको त्रैमासिक रुपमा समिक्षा गरिने छ भने आगामी वर्ष देखि उप-समिति बार्षिक रुपमा गठन गरिने छ।

२०)	संस्थाको हाल भै रहेको तालिम तथा बैठक कक्ष व्यवस्थापन जिप्सन राखिने छ।

२१)	ब्यबसायिक कृषकलाई पुरस्कृत गरिने छ।

२२)	सुत्केरी भेटघाट कार्यक्रमलाई निरन्तरता दिइने छ।

**क्रमशः**

| **क्र.स.** | **शीर्षक** | **नीति तथा कार्यक्रम** | **योजना र रणनीति** |
|---|---|---|---|
| २३ | संस्था सञ्चालन सम्वन्धमा | जस्तो सुकै महामारीको अवस्थामा पनि संस्थाको कारोवारलाई निरन्तरता दिने | कोरोना तथा अन्य महामारीमा पनी संस्थाको कारोवारलाई कर्मचारी आलो पालो प्रणली वा कार्यरत कर्मचारीको समुह बनाई सुरक्षाका उपायहरु अवलम्वन गरी कारोवारलाई निरन्तरता दिइने छ। |
| २४ | सचेतना कार्यक्रम | कारोना सचेतना कार्यक्रम संञ्चालन गरीने | सदस्यहरु र कर्मचारीहरुलाई मनोसामाजिक परामर्श तथा कोरोना सचेतना कार्यक्रम सञ्चालन गरिने छ। |
| २५ | सदस्यता बृद्धि | हाल कायम रहेको सदस्य संख्याको ६० प्रतिशतले सदस्यता बृद्धि गरिने छ। | सदस्यता विस्तार अर्न्तगत यो बर्ष प्रत्येक एक जना सदस्यले नया १ सदस्य थप गर्ने कार्यक्रम सञ्चालन गरिने छ। बर्ष भरीमा ५ जना भन्दा बडी सदस्य थप गर्ने सदस्यलाई बार्षीक साधारण सभामा विषेश सम्मान गरिने छ। |
| २६ | शेयरमा बृद्धि | औषत शेयर कायम गराउने। | संस्थामा आबद्ध सबै सदस्यहरुको औषत शेयर रकम कायम गराइने छ। |
| २७ | बचत बृद्धी | यो आ.ब.मा बचत रकम २२ करोड पुर्याइने छ। | यो बर्ष निम्न नया बचत खाता सञ्चालन गरिने छ।<br>१) जेष्ठ सदस्य बचत खाता<br>२) विपत ब्यबस्थापन बचत खाता<br>३) सबै सदस्यहरुको विशेष बचत खाता खोलीने छ।<br>४) दैनिक बचत खाता |

| | | | |
|---|---|---|---|
| २८ | ऋण लगानीमा बृद्धी | यो आ.ब मा कुल ऋण लगानी २४ करोड पुर्‍याइने छ। | लगानी विविधीकरण गरिने छ भने उत्पादन शिल क्षेत्रमा लगानी गरिने छ। नया लगानीका क्षेत्रको खेजी गरिने छ। |
| २९ | संस्थागत कोषमा बृद्धि | पर्ल्सको मापदण्ड अनुसार कुल सम्पतीको ५ प्रतिशत संस्थागत पुजी कायम गराईने छ। | संस्थाको आम्दानी बृद्धि गरेर खर्च गरेर रहेका अन्य कोषको रकमलाइ जगेडाकोषमा सारेर। |
| ३० | सुरक्षित र दिगो संस्था निर्माण | संस्थालाई प्रमाणीकरण र ख्यातीमा स्तरोन्ती गराइने छ। | विगतमा नियमनकारी निकायले गरेको निरीक्षणमा मापदण्ड भित्र कायम रहेको गुणस्तरका सुचकाङ्कहरुलाई कायम राख्दै अघिल्लो साल अन्तिम परीक्षणमा देखीएका कैफियतलाई सुधार गरी नेफ्स्कुन द्धारा गरीने प्रोबेशन ब्राण्ड कार्यक्रमको अन्तीम परिक्षणमा सफलता हासील गरिने छ। |
| ३१ | ऋण सदुपयोगीता | कुल ऋण लगानी गरिएका सदस्यको २५ प्रतिशत सदस्यको अनुगमन गरिने छ। | संस्थाबाट लागानी भएको ऋणको प्रत्येक ३/३ महिनामा ऋण सदुपयोगीता निरीक्षण गरिने छ। |
| ३२ | समुदाय स्तरमानै रोजगारीको सृजना | यो वर्ष १०० जना बेरोजगार युवालाई उधमी बनाउन प्रेरीत गर्ने कार्यक्रम सञ्चालन गरिने छ। | कोरोनाका कारण रोजगार गुमाएर बसेका ब्यक्तीहरुलाई रोजगारीको अबसर प्रदान गर्न सहुलीयत दरमा ऋण, मनोसामाजीक परामर्श, निःशुल्क कृषी तथा अन्य तालीम उपलव्ध गराईने छ । कृषी र पशुपालनलाई पहिलो प्राथमिकतामा राखीने छ। |
| ३३ | सदस्य सुरक्षा कार्यक्रम सञ्चालन | सदस्य विमा कार्यक्रम सञ्चालन गरिने छ। | बिश्व महामारीको अवस्थामा फैलीएको कोरोनाको आगामी दिनका पर्ने असरलाई मध्येनजर गर्दै सदस्यहरुको र संस्थाको सदस्य राहत कोष/...बाट लागत सहभागीताहुने गरी आबस्यकता अनुसार कोरोना बिमा गराइने छ। |

| | | | |
|---|---|---|---|
| ३४ | सुसाशन तथा पारदर्शिता कायम | | प्रत्येक ३/३ महिनामा उप समिति सहितको पुर्ण बैठक बसी संस्थाको कारोवारको समिक्षा गरिने छ साथै संस्थाको विकास र विस्तारको लागी शेयर सदस्यहरुबाट आएका सकारात्मक सुझावहरुलाई कार्यान्वयन गरिने छ। |
| ३५ | प्रविधिको विकास | प्रतिकुल र विशम परिस्थीतीमा सदस्यहरुले हाल संस्थाबाट प्रदान गरिने सेवाहरु आफ्नो घर बाटै लिन सक्ने ब्यवस्था मिलाउने। | संस्थाबाट वितरण भै रहेको एस.एम.एस सेवालाई थप प्रभावकारी बनाइ यो वर्ष प्रयोग गर्न सक्ने सबै शेयर सदस्यमाझ यो सुविधा प्रदान गरिने छ। |
| | | प्रविधिमा आधारीत भुक्तानी सेवाको उपयोग गर्ने | बजारको अनुसन्धान र अनुगमन गरी मोवाइल एप लगाएतका विधुतीय माध्यमको शुरुवात गरीने छ सदस्य मैत्री र प्रविधि मैत्री संस्था निर्माणको लागी विशेष पहल गरिने छ। |
| ३६ | बस्तु तथा सेवाको मुल्य निर्धारण | समय सापेक्ष/बजार दर अनुसारको ब्याजदर कायम र फरकता दर कायम। | प्रतिस्प्रधि संस्थाको ब्याजदर, बैंक वित्तिय संस्था र सहकारी संस्थाको व्याजदरको आधारमा समायनुकुल प्रतिस्प्रधी व्याजद र निर्धारण गरिने छ भने सरकारले तोकेको ऋण र बचतको ब्याजदर विचको फरकता दरलाई विशेष ध्यान दिइने छ। ७० बर्ष उमेर काटेका सदस्यहरुको दिर्घ जिवन बचत खाता सञ्चालन गरी अन्य बचतमा भन्दाआकर्षक व्याज उपलव्ध गराउने । |
| ३७ | ऋण लगानीमा सुलभता | सुरक्षीत र सुलभ ऋण लगानी | ऋण लगानी प्रकृयालाई थप व्यवस्थीत, सरल र सुरक्षीत बनाइने छ। प्रकृया पुरा भै आएका ऋण माग पत्र संस्थामा दाखीला भएको मितीले ३ दिन भित्र ऋण लगानी प्रकृया पुरा गराइने छ। कृषी र उत्पादनशिल क्षेत्रमा ऋण लगानीकोलागी पहिलो प्राथमिकता दिइने छ। |
| ३८ | सेवा र परामर्श | सदस्यहरुलाइसेवा उपयोग गर्नु भन्दा अगाडी त्यसको प्रभावबारेमा परामर्श दिने | ऋण लगानी पुर्व ऋणी सदस्यलाई ऋण परामर्श दिइने छ। नयाँ सदस्यता लिनु पर्व , अन्य सेवाको उपयोग गर्नुपुर्व। |

| | | | |
|---|---|---|---|
| ३९ | सम्मान र पुरस्कार | सदस्य सम्मान कार्यक्रम | गत वर्ष विभिन्न विधामा सम्मान गरीएका कार्यक्रमहरुलाई निरन्तरता दिदै यस वर्ष तपशिल बमोजीमका विधामा थप व्यक्तीहरुलाई साधारण सभामा सम्मान गरिने छ।<br>१)उत्कृष्ट सदस्य मासिक ।<br>२)उत्कृष्ट कर्मचारी अर्धबार्षीक रुपमा<br>५)संरक्षीत पुँजी फिर्ताकोषबाट सबै भन्दा धेरै रकम फिर्ता पाउने १० जना (५ऋण, ५बचत) भन्दा माथी प्राप्त गर्ने सबै लाई सम्मानीत गर्ने। |
| ४० | बचत खातामा सहभागीता | संस्थाबाट सञ्चालन भएको सबै बचत कार्यक्रममा सदस्यलाइ सहभागी गराउने। | संस्थामा आबद्ध सबै शेयर सदस्यहरुको विषेश बचत खाता खोली कारोवार सञ्चान गर्ने। |
| ४१ | सदस्यलाई सुचनाको जनाकारी | अर्ध बार्षीक बुलेटीन प्रकाशन | जनसेवा साकोसको ख्याती र कार्यक्रम झल्कने गरी प्रत्येक माघ र श्रावणमा अर्धबार्षिक रुपमा जनसेवा बुलेटीन प्रकाशीत गरिने छ। |
| ४२ | युवा स्वोरोजगार तथा अन्य निकाय बाट सुलभ ब्याजदरमा बाह्य ऋण लिने। | आवस्यकता अनुसार पर्ल्सको मापदण्ड भित्र रही संस्थामा बाह्य ऋण लीइने छ। | बेरोजगार युवा युवतीहरुलाई रोजगारी उपलब्ध गराउने र उधमी बनाउन राष्ट्रले लिएको नीति मा हातेमालो गर्नुपर्ने अबस्थामा, संस्थाको मौजुदा तरलता अभाब भएमा सदस्यलाई बचतमा दिने ब्याजदर भन्दा कम ब्याजदरमा बाह्य ऋण रकम प्राप्त भएमा यस्तो ऋण स्वीकार गरिने छ। |
| ४३ | सभा, बैठक, सेमीनार तथा तालीम | सञ्चालक, लेखा र अन्य उप समिति सहित सयुक्त रुपमा कार्यक्रमको अयोजना गरिने छ। | बर्षको २/४ पटक पूर्ण बैठक, तालीम, रणनीतिक योजनाको समिक्षा र संस्थाको विकास विस्तारकोलागी छलफल गरिने छ। |
| ४४ | मानव संसाधन व्यवस्थापन | | संस्थामा कार्यरत मानव संसाधनलाई चुस्त, दुरुस्त बनाई संस्थाको अधिकताम प्रायोगमा ल्याइने छ समय सापेक्ष सेवा सुविधाको बिकास, विस्तार गरि HIMAL का सुचकाङको आधारमा कर्मचारी ब्यवस्थापन गरिने छ। |

| | | | |
|---|---|---|---|
| ४५ | जवाफ देहिता र सुसाशन | आन्तरीक र बाह्य लेखा परिक्षणको प्रभावकारीता। | प्रत्येक महिना संस्थाको आन्तरीक लेखा परिक्षण कार्य सम्पाद गरीने देखीएका कैफियतहरुलाई सुधार गर्नुका साथै बार्षीक लेखा परिक्षणकार्य चार्टर एकाउन्टेन्ट बाट गराइने छ। |
| ४६ | प्रविधिको उपयोग | प्रविधिमा आधारीत कार्यक्रम हरु सञ्चालन। | महामारीको अवस्थामा ब्यक्तीगत भेटघाट गरी कार्यक्रम, बैठक, सेमिनारहरु र साधारण सभा सञ्चालन गर्न असहज भएको अवस्थामा भर्चुअल बैठकको कार्यविधि तयार पारी सोही अनुसार सदस्यको पहिचान गरी कार्यक्रमहरु सञ्चालन गरिने छ। |
| ४७ | एकिकरण | सहकारी एकिकरण कार्यक्रम | कार्यक्षेत्र भित्र वा बाहिरका सहकारी हरु विच एकिकरणको लागी यो वर्ष कम्तीमा २ ओटा बैंठक/कार्यक्रम सञ्चालन गरिने छ। जसको पहलको लागी एक छुट्टै एकिकरण कार्यदल गठन गरिने छ । जसले त्रैमासिक रुपमा सञ्चालक समितिमा प्रतिवेदन पेश गर्ने छ। |
| ४८ | छुट र सुविधा | | महामारीको प्रकोपको अवस्था हेरी सदस्यले लिएको ऋणमा विशेष छुट सुविधाको व्यवस्था गरिने छ। हाल सम्म बचत जम्मा नगरी निस्कृय रुपमा रहेका सदस्यहरुलाई सक्रृय हुनको लागी यो वर्ष विलम्व शुल्क २ प्रतिशतलाई संसोधन गरी १ प्रतिशत मात्र कायम गराईने छ। |

अन्त्यमा संस्थाको उन्नती र प्रगतिमा सहयोग सदभाव मायां गर्नुहुने १९ नं वडा कार्यालय, पोखरा महानगरपालिका को कार्यालय , जिल्ला सहकारी संस्था, जिल्ला बचत संघ, नेफ्स्कुन लगाएतका विभिन्न निकायका विशिष्ट व्यक्तिहरु लगायत कर्मचारी वर्ग, विभिन्न उपसमितिका पदाधिकारीहरु, सम्पूर्ण शेयरधनी सदस्य ज्युहरु लगायत सम्पुर्णमा कृतज्ञता सहित धन्यवाद ज्ञापन गदै "संस्था रहे हामी रहन्छौ" भन्ने सकारात्मक सोच र भावनाबाट सवैले निरन्तर संस्थागत हितमा लागि पर्नु हुनेछ भन्ने पूर्ण विश्वास एवं अपेक्षा राख्दछु।

धन्यवाद !

जय सहकारी

# श्री जनसेवा बचत तथा ऋण सहकारी संस्था लि पुरुन्चौर

## २८ औं वार्षिक साधारण सभा

## कोषाध्यक्षको तर्फवाट प्रस्तुत आर्थिक प्रतिवेदन - २०७७



**चेतनाथ गौतम**

**कोषाध्यक्ष**

*मिति २०७७ असोज २४ गते बाट कातिक १ गते सम्म*

**संस्थाका सम्पुर्ण शेयर सदस्यज्यूहरु,**

२८ औं वार्षिक साधारण सभाका अध्यक्ष शेयर सदस्य ज्यूहरु सञ्चालक समितिका अध्यक्ष, उपाध्यक्ष लागयत सम्पुर्ण सदस्यज्यूहरु, लेखा तथा सुपरिवेक्षण समितिका पदाधिकारीज्यूहरु, संस्थालाई अगााडी बढाउन महत्वपुर्ण सुझाव तथा सल्लाह दिनूहूने सल्लाहकार ज्यूहरु, धितो निरिक्षण तथा सुपरिवेक्षण समिति, सदस्य राहतकोष परिचालन समिति तथा ऋण उप-समितिका पदाधिकारीज्यूहरु, संस्थाका कर्मचारी मित्रहरु साथै आदरणीय शेयर धनी सदस्यज्यूहरु देश विदेशमा रहनु हुने दुश्य अदृष्य सम्पुर्ण शेयर सदस्यज्युहरुमा सहकारी अभिवादन ।

आदरणीय देश विदेशमा इन्टरनेटको माध्यमद्धारा वा प्रत्यक्ष रुपमा संस्थाको प्रतिवेदनलाई अध्ययन गरिरहनु भएको शेयर सदस्यज्यूहरु,

संस्थाका वार्षिक साधारण सभा भनेको सर्वोच्च निकाय हो । जसमा संस्थाले एक वर्ष भरी सञ्चालन गरेका सम्पुर्ण कार्यहरु, निर्णयहरु विगत वर्षमा पारित गरिएका निर्णयहरुको कार्यान्वयनको अवस्थाको पुनरावलोकन साथै उपलव्धिहरुको विश्लेषण तथा आगामी वर्ष सञ्चालन गरिन निति तथा कार्यहरुको अनुमोदन एवं स्वीकृती गर्ने थलो हो । जसमा सम्पूर्ण संस्थाको कारोवार संस्थाको वित्तीय झलक तथा अर्थिक कार्यक्रमको विस्तृत छलफल गरी पारित गर्नुपर्ने हुन्छ । सो अवसरमा सम्पुर्ण शेयर सदस्यहरुको तर्क पुर्ण दृष्टिकोण को आबश्यकता रहन्छ । विश्व महामारीको यो अबस्थामा विगतका बर्षहरु यो वर्ष पनी झैं सबै शेयर सदस्यहरु एकै ठाउमा रहेर एकै समयमा साधारण सभा सम्पन्न गर्न असहज अवस्था सृजना भएकोले भेगीए रुपमा आलो पालो प्रणाली अनुसार सदस्यहरुका गुनासो, जिज्ञासा र सुझावहरुको ग्रहण गरी आगामी बर्षको नीति तथा कार्यक्रम र बजेट स्वीकृतीको लागी यहाँहरुको सृजनात्मक सुझाव र सल्लाहको आवस्यकता पर्ने भएकोले संपुर्ण सदस्यहरुमाझ यो वार्षिक प्रगती प्रतिवेन पेश गरिएको छ । यहाँहरुका महत्वपुर्ण सुझाव र सल्लाहबाटनै संस्थालाई अग्रगतिमा लैजाने उर्जा प्राप्त हुन्छ । तसर्थ संस्थालाई अग्रगमनतर्फ डोऱ्याउने र शेयर सदस्यहरुको समग्र आर्थिक क्रियाकलापको थलो वनाउन सम्पुर्ण शेयर सदस्यहरुसँग विनम्र अनुरोध गरिन्छ ।

सभासद मित्रहरु, २७ औ साधारण सभाले निर्देशन गरेका निति तथा कार्यक्रमको कार्यन्वयन पक्षको प्रगति विवरण तथा आगामी वर्षको निती तथा कार्यक्रम संस्थाका अध्यक्ष ज्युको प्रतिवेनमा उल्लेख भै सकेको छ । त्यसै प्रतिवेदनको आधारमा यस संस्थाको कोषाध्यक्षको हैसियतले आर्थिक वर्ष ०७६ /०७७ को वित्तिय अबस्थाको समिक्षासँगै आ.वं. ०७७/०७८ अनुमानित वजेट स्वीकृतार्थ यहाँहरु समक्ष पेश गर्ने अनुमति चाहन्छु ।

आ.ब. ०७६/०७७ को वित्तिय कारोवरको समिक्षा र आ.ब. ०७७/०७८ को अनुमानित कार्यक्रमहरुः

## वित्तीय कारोवार तर्फः

**आर्थिक वर्ष ०७६/०७७ को वार्षिक कार्यक्रमको समिक्षाः**

| क्र.सं. | विवरण | आ.ब ०७६/०७७ को लक्ष | ०७६/०७७को प्रगती | लक्ष प्राप्ती प्रतिशत | आ.व. ०७७/०७८ मा कायम हुने अनूमानित रकम रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | शेयर रकम | २७००००००.०० | २४५१३७०० | ९०.७९ | २९५१३७००.०० | |
| २ | बचत | १८००००००.०० | १७९०८८४३२ | ९९.४९ | २२,१०,००,०००।०० | |
| ३ | ऋण रकम | १९००००००.०० | १८०९८८९१० | ९५.२६ | २४,००,००,०००.०० | |
| ४ | सदस्य संख्या | ५०० | ६८ | १३.६० | २२६२ | जना |
| ५ | जगेडा कोष | १३०००००० | १२६५९१५८ | ९७.३८ | १४८५८६६८.६२ | |
| ६ | कुल बासलात | २४०००००० | २३३९७९८७३ | ९७.४९ | २८,३९,७९,८७२.७३ | |

**आय ब्यय तर्फः**

| क्र.सं. | विवरण | आ.ब ०७६/०७७ को लक्ष | ०७६/०७७को प्रगती | लक्ष प्राप्ति प्रतिशत | आ.व. ०७७/०७८ मा कायम हुने अनूमानित रकम रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | ऋणमा ब्याज | २९५००००० | २२९०८७२१.७ | ७७.६६ | २,८६,००,०००.०० | |
| २ | बैंकबाट ब्याज | २५००००० | २६१८५२९.९७ | १०४.७४ | १५,००,०००.०० | |
| ३ | ऋणमा उच्च ब्याज | १००००० | ७७७९५.०५ | ७७.८० | १,००,०००.०० | |
| ४ | बचतमा विलम्व शूल्क | २०००० | २४२१७ | १२१.०९ | ५०००.०० | |
| ५ | प्रवेश शूल्क | ५०००० | ६८०० | १३.६० | ५००००.०० | |
| ६ | विविध | २०००० | ९१४५ | ४५.७३ | २००००.०० | |
| ७ | ऋण जोखीम कोष वाट फिर्ता | ० | ०० | ०.०० | | |
| ८ | लगानी वाट प्राप्त वोनश | १०००० | २७४५६.१७ | २७४.५६ | ६०,०००.०० | |
| ९ | ऋण व्यवस्थापन शुल्क | २०००००० | ११८३२३० | ५९.१६ | २०,००,०००.०० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १० | रेमिट्यान्स सञ्चालन बाट आम्दानी | २५००० | १६६२७.१६ | ६६.५१ | २५,०००.०० | |
| ११ | सामान विक्री तथा अन्य आम्दानी | १०००० | ७७४.३८ | ७.७४ | ५०००.०० | |
| | जम्मा आम्दानी | ३४२३५००० | २६८७३२९६.४ | ७८.५० | ३,२३,२०,०००। | |

खर्च तर्फः

| क्र.सं. | विवरण | आ.ब ०७६/०७७ को लक्ष | ०७६/०७७को प्रगती | लक्ष प्राप्ति प्रतिशत | आ.व. ०७७/०७८ मा कायम हुने अनूमानित रकम रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | बचतमा ब्याज खर्च | १५५००००० | १३५६२४०५.५ | ८७.५० | १,६०,००,०००.०० | |
| क | आवधिक बचतमा | ० | २२४७०७६.३१ | – | ३०,००,०००।०० | |
| ख | अन्य बचत | ० | १०२०५४९२ | – | १,२५,००,०००।०० | |
| ग | आबधिक एकमुष्ठ | ० | ७५३६३३.१९ | – | ५०००००।०० | |
| २ | ब्याज छुट | ० | ३५६२०४ | – | | |
| ३ | बाह्य ऋणमा ब्याज खर्च | १७७००० | ९८८०१ | ५५.८२ | १,००,०००.०० | |
| ४ | कर्मचारी खर्च | २३००००० | १७८१०१०.३६ | ७७.४४ | २३,००,०००.०० | |
| ५ | साधारण सभा तथा अन्य सामाजिक कार्यक्रम | ११००००० | ९३७९६२ | ८५.२७ | ११,००,०००.०० | |
| ६ | लेखा परीक्षण शुल्क | ४५००० | ४५२०० | १००.४४ | ४६,०००.०० | |
| ७ | मर्मत संभार | ३०००० | २७६३४.९८ | ९२.१२ | ३००००।०० | |
| ८ | बिमा | १०००० | ८७३४.९ | ८७.३५ | १०,०००.०० | |
| ९ | टेलिफोन इन्टर नेट | २८००० | २३७०० | ८४.६४ | ५०,०००.०० | |
| १० | स्टेसनरी | ८०००० | ८८२८२.४८ | ११०.३५ | १,००,०००.०० | |
| ११ | पत्रपत्रिका क्यालेन्डर | ३०००० | ३११५१ | १०३.८४ | ४०,०००.०० | |
| १२ | विद्युत महशुल | २०००० | २१९३० | १०९.६५ | ४०,०००.०० | |
| १३ | भबन मर्मत सम्भार | ३०००० | २४५०३.९५ | ८१.६८ | ४०,०००.०० | |
| १४ | कार्यालय उपकरण मर्मत (कम्प्युटर लगायत) | २०००० | १५०८० | ७५.४० | ५००००.०० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १५ | दैनिक भ्रमण भत्ता | ५०००० | १०७०० | २१.४० | ५००००.०० | |
| १६ | ह्रास खर्च | २९०००० | ३६६८६३.११ | १२६.५० | ३,५०,०००.०० | |
| १७ | अन्य खर्च | ९००० | १२६७८.३८ | १४०.८७ | २५०००.०० | |
| १८ | अध्यक्ष पारिश्रमिक | ६०००० | ३०००० | ५०.०० | ४५,०००.०० | |
| १९ | अतिथी सत्कार | २०००० | २५४० | १२.७० | २०,०००.०० | |
| २० | बैठक भत्ता | २००००० | १७३६०० | ८६.८० | १,८५,०००.०० | |
| २२ | नविकरण शुल्क | ११५००० | ७९५१६.०० | ६९.१४ | १,३०,०००/- | |
| २२ | जलपान खर्च | ५०००० | ३६१४० | ७२.२८ | ५००००.०० | |
| २३ | सफ्ट्वयेर खर्च | २५००० | २९९३० | ११९.७२ | ३०,०००.०० | |
| २४ | कर्मचारी यातायात | ० | २९०० | ०.०० | ५००० | |
| २५ | लक्ष्मी पुजा | ५००० | २६८० | ५३.६० | ५०००.०० | |
| २६ | सहकारी अबलोकन भ्रमण | ४००००० | २८१९० | ७.०५ | २,२०,०००.०० | |
| २७ | विज्ञापन तथा प्रचार | २००००.०० | ०० | | २००००.०० | |
| २८ | सदस्य शिक्षा तालिम | १०००००.०० | १२९७०.०० | २०.०० | १,००,०००.०० | |
| २९ | बैंक चार्ज | २००० | १२०० | ६०.०० | २०००.०० | |
| ३२ | इन्धन | २५००० | ११७३२ | ४६.९३ | १५,०००.०० | |
| ३३ | सवारी साधन मर्मत | १०००० | ४१२४ | ४१.२४ | १००००.०० | |
| ३४ | सुत्केरी भेटघाट खर्च | २०००० | ११०६५ | ५५.३३ | ३००००/- | |
| ३० | कोभिड १९ राहत खर्च | ० | १०००० | ०.०० | ०.०० | |
| ३१ | ऋण जोखीम खर्च | ४००००० | ७००७८७.७४ | १७५.२० | ५०००००/- | |
| ३२ | ढूवानी खर्च | | | | १०,०००.०० | |
| ३३ | पूरस्कार खर्च | | | | २०,०००.०० | |
| ३४ | समिति उप समितिलाई संस्थागत विकास तालिम खर्च | | | | १२५०००.०० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३५ | सञ्चालक र अन्य उप समिति तालिम खर्च | | | | ५००००.०० | |
| ३६ | कर्मचारीलाई तालिम | | | | ३००००.०० | |
| ३७ | कार्यकुशलता तथा सिकाई व्यवस्थापन कार्यशाला गोष्ठी | | | | १५००००.०० | |
| ३८ | कार्यालय भवनमा रङरोगन | | | | २००००.०० | |
| ३९ | शेयर सदस्यकोलागी कृषि, पशुपालन तथा अन्य ब्यबसायिक शिपमुलक तालिम | | | | १,५०,०००.०० | |
| ४० | मनोसामाजिक परामर्श कार्यक्रम सञ्चालन खर्च | | | | ३००००.०० | |
| ४१ | सहकारी एकिकरण तथा सहकारी शिक्षा कार्यक्रम खर्च | | | | ५०,०००.०० | |
| | जम्मा खर्च | २१७७९००० | १८१८५६५१.४ | ८३.५० | २,१८,८३,००० | |
| | जम्मा नाफा | ११२१०४०० | ८६८७६४५.०२ | ७७.५० | १,०४,८२,००० | |

उपयुक्त बजेटको आधारमा आ.व. ०७७/०७८ को संस्थाको वित्तिय उपलब्धी देहाय बमोजिम हुने आंकलन गरिएको छ।

आ.व ०७७.७८ को सम्पति तथा दायित्यको अबस्था देहाय बमोजिम हुने अनुमान गरिएको छ।

**शेयर सदस्य संख्याः**

| क्र.सं. | शिर्षक | आ.ब. ०७६/०७७ मा कायम रहेको रकम रु. | आ.व.०७७/०७८को लागि अनूमान रु. | आ.व.०७७/०७८को अन्त्यमा कायम रहने रकम |
|---|---|---|---|---|
| १ | शेयर सदस्य संख्या | १७६२ | ५०० जना | २२६२ जना |

| क्र. सं. | शिर्षक | आ.ब. ०७६/०७७मा कायम रहेको रकम रु. | आ.व.०७७/०७८को लागि अनूमानित थप रकम रु. | आ.व.०७७/०७८को अन्त्यमा कायम रहने रकम |
|---|---|---|---|---|
| १ | शेयरपूंजी संकलन | २४५१३७००.०० | ५०,००,०००.०० | २९५१३७००.०० |
| २ | संस्थागत पूजी (जगेडाकोष) | १२५५८६६८.६२ | २३,००,०००.०० | १४८५८६६८.६२ |
| ३ | नियमित/बचत संकलन | ८७०४१८८७.३८ | १,९५,००,०००.०० | ९९५४१८८७.०० |
| ४ | नियमित/बचत फिर्ता | ६२७१६९१.०० | ७०,००,०००.०० | |
| ५ | अन्य बचत संकलन | ९४९४६५४५.५० | ३३,००,००,०००.०० | १२,५०,००,०००.०० |
| ६ | अन्य बचत फिर्ता | २७६११२०२०.३१ | ३०,००,००,०००.०० | |
| ७ | ऋण लगानी | १८०९८८९१०.४३ | २०,००,००,०००.०० | २४,००,००,०००.०० |
| ८ | ऋण असूली | ११५६७८०८२.२९ | १४,००,००,०००.०० | |
| ९ | विषय गत संघमा लगानी | २८०१००.०० | ५०००००.०० | ८८०१००.०० |
| १० | स्थिर सम्पति | २९७५४९३.२७ | ३०००००.०० | ३२७५४९३.२७ |
| ११ | कुल सम्पतिः | २३३९७९८७२.७३ | ५,००,००,०००.०० | २८,३९,७९,८७२.७३ |

**पूजीगत बजेटः**

| क्र.स. | विवरण | आ.ब.०७७/०७८ को बजेट लक्ष |
|---|---|---|
| १ | कार्यालय कक्ष काउन्टर र बैठक हल व्यवस्थापन | २,००,०००.०० |
| २ | बण्डल नोट काउन्टीङ मेसीन | १०००००.०० |
| ३ | फायर इक्सिग्युटर मेसीन | ३००००.०० |
| ४ | लुज नोट गन्ने मेसीन | ४५०००.०० |
| ५ | जाली नोट छुट्याउने मेसीन खरिद | २००००.०० |
| ६ | सदस्य कक्षमा टेलिभिजन जडान | ३००००.०० |
| ७ | आवस्यक मात्रामा सि.सि.क्यामेरा | ५००००.०० |
| ८ | मोवाईल एप्स संञ्चालन | १,००,०००.०० |
| ९ | कम्प्युटर खरिद | १,५०,०००.०० |
| | जम्मा | ७,२५,०००.०० |

**७) कोषको परिचालनः**

यस संस्थाको आ.ब ०७५/०७६ को मुनाफा बाट विभाजन गरिएको कोष रकम मध्ये विनियममा व्यवस्था

भए अनुसार शेयर बोनस कोषमा रहेको रकम रु.२३०२६५०।३५ मध्ये रु.२३०१२५४५।०० सदस्यहरुलाई शेयर रकमको आधारमा दामासाहीले वितरण गरी बाकी रहेको रकम रु.१३९५५।३५ जगेडाकोषमा रकमान्तर गरीएको छ भने संरक्षित पूँजी फिर्ता कोषको रकम रु.११०३८५९।२३ लाई शेयर सदस्यहरुको कारोवारको आधारमा वचतमा ४० प्रतिशत र ऋणमा तिरेको व्याजको आधारमा ६० प्रतिशत गरी नगदै लिन चाहानेलाई नगदै र नगदै नलिएका सदस्यहरुको सम्बन्धित सदस्यको नियमित बचत खातामा जम्मा गरी सकिएको छ।

यसै गरी आ.ब. ०७६/०७७ को अन्तीम लेखा परीक्षणबाट प्राप्त मुनाफा रु.८६८७६४५।०२ बाट १० % आयकर कट्टा गरेपछिको विभिन्न कोषमा रकम बाडफाँड गरेको विवरण यसै प्रतिवेदनको पेज नं. ३० मा रहेको छ। सहकारी ऐन २०७४ र नियमावली २०७५ बमोजिम विभिन्न कोषमा बाँडफाँड गरी शेयर बोनस कोषमा रु.२७९९०२५।७६ र संरक्षितपुजी फिर्ताकोषमा रु.१३४१८१४।८४ छुट्टाइएको रकम बोनस कोषको शेयर बोनसको आधारमा ११।५० प्रतिशत र संरक्षितपुर्जी फिर्ताकोषको रकम कारोवारको आधारमा ऋणमा तिरेको ब्याजलाई ६० प्रतिशत र बचतमा प्राप्त गरेको ब्याजलाई ४० प्रतिशतका दरले वितरण गरिने जानकारी गराउदछु।

आदरणीय शेयर सदस्यहरु,

मैले माथी संस्थाको प्रगति विवरण लगाएत आगामी वर्षको लागी तयार गरीएको कार्यक्रम संचालन गर्दा लाग्न सक्ने अनुमानीत वजेट पेश गरे यसलाई गम्भिरताका साथ अध्ययन गरी परिमार्जन गर्न आवश्यक भएमा लिखित रुपमा राय सुझाव समेत गरीदिनु हुन विनम्र अनुरोध गर्दछु।

धन्यवाद।

जय सहकारी।

# श्री जनसेवा बचत तथा ऋण सहकारी संस्था लि पुरुन्चौर
## २८ औं वार्षिक साधारण सभा
## लेखा तथा सुपरीवेक्षण समितिको तर्फबाट प्रस्तुत प्रतिवेदन - २०७७



**पुष्पराज पौड्याल**
**संयोजक**

यस जनसेवा वचत तथा ऋण सहकारी संस्थाको २८ औं साधारण सभाको अध्यक्षता गरिरहनु भएका अध्यक्ष तथा शेयरधनी सदस्यहरुमा हार्दिक स्वागत सहकारी अभिभादन गर्दछु।

यस संस्थाको आर्थिक कारोवार तथा अन्य पक्षहरुको आन्तरिक लेखा परिक्षण तथा सुपरीवेक्षणको लागि हामीलाई सुम्पीएको जिम्मेवारी अनुसार आर्थिक वर्ष २०७६।२०७७ को कारोवारको गतिविधि र संस्था सञ्चालनका क्रियाकलापहरुको प्रतिवेदन प्रस्तुतीको लागि अनुमति चाहन्छु।

गत आ.व.२०७६।७७ को मध्य समयदेखि विश्वभरी फैलिएको COVID–19 (Corona Virus) को प्रभावले विश्व अर्थतन्त्र लगायत सहकारीगत अर्थतन्त्र पनि आक्रान्त भएको विषम परिस्थितिमा यस साकोस पनि प्रभावित भएको छ।

कानुन वमोजिम गठन भएका साकोसहरु विशुद्ध रुपमा सदस्यहरुबीच वित्तीय कारोवार गर्ने सस्थाहरु भएकाले वित्त परिचालनमा निहित जोखीमको संवेदनशीलतालाई आत्मबोध गर्दै वित्तीय सुशासन सहित गुणस्तरीयता वृद्धि गर्न, साकोसको समृद्धि र विकास प्रतिवद्धता साथ अगाडी वढ्न झनै चुनौती सामना गर्नुपर्ने समय आएको छ।

साकोस अभियानको जागरण,व्यावसायिकीकरणको विकास,गुणस्तरीयता, प्रत्यायोन सहित लक्ष्यमुलक कारोवारको शुद्धिकीकरणको सुनिश्चितता र आधुनिक प्रविधिको प्रयोगद्धारा सञ्जाल व्यवस्थापनका कार्यमा योजनावद्ध रुपमा लागि रहनु पर्ने कुरामा सञ्चालक समिति तथा शेयरधनी सदस्यहरुको गम्भीर रुपमा ध्यानाकर्षण गर्न चाहन्छु।

